# पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे,भोजपुर

१ नं प्रदेश नेपाल

प. सं. *(Let NO.)* :- ०७५/०७६

मिती *(Date)* :-२०७५/०६/११

च. नं. *(Ref. No.)* :-

**सूचना सूचना सूचना**

सामाजिक सुरक्षा सञ्चालन कार्यबिधि २०७२ खारेज भई नयाँ सामाजिक सुरक्षा सञ्चालन कार्यबिधि २०७५ मिति २०७५/०४/२३ देखि लागु भएको सन्दर्भमा सम्पूर्ण सम्वदद् पक्षहरुको लागि यो सूचना जारी गरिएको छ।

नयाँ कार्यबिधिको परिच्छेद ३ को उपदफा २ मा,“ नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्था वा नेपाल सरकारसँग सम्बन्ध स्थापित भएका मित्र राष्ट्र वा तीनका निकायबाट मासिक रुपमा तलब,भत्ता,पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुबिधा पाईरहेका व्यक्तिहरुले सामाजिक भत्ता पाउने छैनन्’ र सोहि परिच्छेदको उपदफा ३ मा,उपदफा १ मा जेसुकै कुरा लेखिएको भए तापनि कुनै बालबालिकाको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएका वा कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेको भएमा यो भत्ता प्राप्त हुने छैन ” भनि उल्लेख भएअनुसार वडामा यस प्रकारका सेवा सुबिधा पाईरहेका र अब पाउने भनी लगत कायम भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले अब उप्रान्त सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नमिल्ने हुँदा ती लाभग्राहीले आफ्नो वडामा स्वयम् उपस्थित भई वा परिवारका सदस्यहरुलाई पठाई वा वडा सदस्यहरु मार्फत जानकारी गराई आफ्नो लगत कट्टा गर्नुहुन जानकारी गराइन्छ।

यो सूचनालाई बेवास्ता गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले भबिष्यमा भत्ता प्राप्त गर्ने उदेश्यले वडा कार्यालयमा लगात कट्टा गराउन नाम उपलब्ध नगराई भबिष्यमा यस कार्यबिधिको प्रतिकुल हुने गरि भत्ता प्राप्त गरेमा वा गराएमा कानुन बमोजिम हुनेछ साथै सामाजिक सुरक्षा भत्ता समेत सम्बन्धित पक्षसँग असुल उपर गरिनेछ।

..........................

सालिकराम भट्टराई

प्रमुख प्रशासकीय अधिकृत